बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८१।८२ च.नं. राजश्व शाखा/............... मिति: २०८१।०८।०२

**(ठेक्का नलागेका घाटहरुबाट नदीजन्य पदार्थ संकलन गर्ने सम्बन्धी)**

## सूचना ! सूचना !! सूचना !!!

**(लागू हुने मितिः २०८१।०८।०३)**

प्रस्तुत विषयमा यस कार्यालयबाट आ.व. २०८१।०८२ मा लगाइएका आय ठेक्काहरु मध्ये तेस्रो पटक सम्म सूचना प्रकाशन गर्दा समेत ठेक्का लाग्न नसकेका मर्स्याङ्दी नदीका तपसिलमा उल्लेखित स्थानहरुमा यस नगर कार्यपालिकाको मिति २०८१।७।११ को निर्णयानुसार अनुगमनबाट प्राप्त प्राविधिक प्रतिवेदनका आधारमा तपसिल बमोजिमका परिमाणको नदीजन्य पदार्थ (वालुवा तथा ग्राभेल) सतहमा जम्मा भई थुप्रिएर रहेकाले यस कार्यालयको प्रत्यक्ष निगरानीमा साधारण घरेलु हाते औजारहरु प्रयोग गरी संकलन गरी विक्री गर्न चाहने कानूनी प्रकृया पुरा गरेका फर्म वा कम्पनी वा ब्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८१।०८।०९ गते भित्र सो दिन विदा पर्न गएमा सोको भोलिपल्ट) निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**निर्माण सामाग्री रहेका स्थानहरु**

| क्र. | घाट वा रहेको स्थान | वडा नं. | स्थान | घन मिटर | घन फिट | हुन आउने रकम (मु.अ.कर तथा आय कर वाहेक) | कैं. |
|---|---|---|---|---|---|---|---|
| १ | बेलौती बिसौना खण्ड क | ६ | बेलौती बिसौना | २९५.५६ | १०४२७ | ९३९००।- (त्रियान्नब्बे हजार नौ सय) | |
| २ | बेलौती बिसौना खण्ड ख | ६ | बेलौती बिसौना | ३४६.८३ | १२२३६ | ११०५००।- (एक लाख दश हजार पाँच सय) | |
| ३ | बेलौती बिसौना खण्ड ग | ६ | बेलौती बिसौना | ४०९.४३ | १४४४५ | १३०५००।- (एक लाग तीस हजार पाँच सय) | |

चेतनाथ अर्याल

प्रमुख प्रशासकीय अधिकृत

**बेसीशहर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**बेसीशहर, लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**

## शर्तहरु

१। निवेदन पेश गर्दा फर्मको नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी तथा ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहित आफूले संकलन गर्न चाहेको स्थानको परिमाणको कवोल रकम तथा घाटगद्दी गरिने स्थान समेत उल्लेख गरी सक्कलै निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

२। नदीजन्य पदार्थ संकलन गर्दाको समयमा प्रयोग हुने नवीकरण भएका सवारी साधनहरुको विवरण सम्झौताका वखत दिनुपर्नेछ । यस कार्यालयमा पेश हुन आएका सवारी साधनहरु वाहेक अन्य सवारी साधनहरु नदीजन्य पदार्थ संकलन तथा ओसार पसारको क्रममा प्रयोग गर्न पाइने छैन ।

३। पेश हुन आएका निवेदनहरु मध्ये तोकिएको तत्तत् स्थानको लागि सबैभन्दा बढी कवोल भएको रितपूर्वक पर्न आएका निवेदन छनौट गरी उल्लेखित परिमाण मात्र संकलन गर्न पाउने गरी निश्चित समयको लागि अनुमति प्रदान गरिनेछ । छनौट भएको सूचना पाएको सात दिन भित्र यस कार्यालयमा उपस्थित हुनु पर्नेछ । अन्यथा, यस कार्यालयको निर्णयानुसार हुनेछ ।

४। आफुले संकलन गर्न चाहेको स्थानको परिमाणको कवोल रकम र सोको लाग्ने मु.अ.कर तथा आयकर समेत सम्झौताका वखत यस कार्यालयमा बुझाउनु पर्नेछ वा यस कार्यालयको बैंक खातामा जम्मा गरी सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

५। यस कार्यालयबाट तोकिएको परिमाण भन्दा बढी र तोकिएको स्थान तथा क्षेत्रभन्दा वाहिरको स्थानहरुबाट अनुमति विना कुनैपनि नदीजन्य पदार्थहरु संकलन गर्न पाइने छैन ।

६। यस कार्यालयबाट नदीजन्य पदार्थ संकलन गर्ने स्थानमा खटिएका कर्मचारी वा प्रतिनिधिहरुको रोहवरमा संकलन गरिएका सामानहरु कार्यालयबाट अनुगमन गरी टिपोट भएपछि मात्र अन्यत्र घाटगद्दी वा विक्री गर्न सकिनेछ ।

७। वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन । वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी संकलन तथा विक्री गर्नु पर्नेछ ।

८। उक्त कार्यमा खटिएका कामदार/कर्मचारी वा सवारी साधन वा अन्य सामानहरुको हानी नोक्सानी भएमा त्यसको जिम्मेवारी सम्बन्धित पक्ष नै रहनेछ ।

९। यस सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

१०।यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

.................................................

चेतनाथ अर्याल

प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत